# संविधानमा विविधता २
# सामाजिक समावेशीकरणको पहिचान



## नेपालमा सहभागितामूलक संविधान निर्माण
## पुस्तिका शृङ्खला
## ९


CCD
Centre for
Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र


नेपाली

नेपालमा सहभागितामूलक संविधान निर्माण परियोजना- युएनडीपी

**प्रकाशक**

संवैधानिक संवाद केन्द्र

पहिलो संस्करण : २०६५ साल

प्रतिलिपि अधिकार © संवैधानिक संवाद केन्द्रमा सर्वाधिकार सुरक्षित छ। सामग्रीको स्रोतका रूपमा संवैधानिक संवाद केन्द्रप्रति साभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तिकाका अंशहरू पुनःप्रकाशन र/वा अनुवाद गर्न सकिनेछ। ती पुनःप्रकाशन र/वा अनुवादको एक प्रति संवैधानिक संवाद केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

**साजसज्जा तथा मुद्रण**

प्रिन्ट प्वाइन्ट पब्लिसिङ, त्रिपुरेश्वर, काठमाडौं।

फोन : ४२४९६७४, ४२४९६७५



**थप जानकारी वा यस पुस्तिकाका लागि निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला :**

संवैधानिक संवाद केन्द्र

तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौं

टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८

ई-मेल : **info@ccd.org.np**

वेबसाइट : **www.ccd.org.np**

# संविधानमा विविधता र सामाजिक समावेशीकरणको पहिचान

पुस्तिका शृङ्खला ९

संविधानमा विविधता र सामाजिक समावेशीकरणको पहिचान १
परिचय १
नेपालमा विविधता र सामाजिक समावेशीकरणका चुनौतीहरू ४
विविधता र सामाजिक समावेशिता कसरी सुनिश्चित गर्न सकिन्छ ? ५
संवैधानिक विकल्प ६
निष्कर्ष ८

# संविधानमा विविधता र सामाजिक समावेशीकरणको पहिचान

## परिचय

संविधान सभा अहिले नेपालका लागि नयाँ संविधान लेखनमा व्यस्त छ । संविधान सभा स्वयं एक प्रतिनिधिमूलक निकाय हो । संविधान निर्माण प्रक्रियामा पहिले कहिल्यै सहभागी नभएका महिला, आदिबासी जनजाति, सीमान्तीकृत जाति र अल्पसंख्यक समूहहरूको ठूलो संख्या रहेको छ । संविधानमार्फत नेपालका विविध समुदायहरूका सरोकारहरू सम्बोधन गर्नका लागि संविधान सभाले जनतासँग परामर्श गरिरहेको छ ।

थोरै मात्र मुलुकहरू समरूपी छन् । धेरै देशहरूमा विविधता रहेको पाइन्छ । यस्ता मुलुकहरुमा भिन्नाभिन्नै भाषा बोल्ने, भिन्नाभिन्नै संस्कृति अवलम्बन गर्ने र बेग्लाबेग्लै धर्म मान्ने जनता रहेका छन् । यो तिनीहरूको सामाजिक जीवनको यथार्थ हो तर यसले सँधै पहिचान पाएको वा त्यति उत्साहपूर्ण रूपमा लिइएको हुँदैन । विगतमा धेरै शासकहरूले देशलाई एकीकरण गर्न एउटा साझा संस्कृति, भाषा र धर्मको पहिचान गर्नु आवश्यक हुन्छ भन्ने विश्वास गरेका थिए । यो पनि विश्वास गरिएको थियो कि यसले सरकारलाई बढी दक्ष र प्रभावकारी बनाउँछ । यसले यात अरू संस्कृतिलाई बलपूर्वक दवाएर वा तिनीहरूलाई प्रभुत्वमा रहेको संस्कृतिमा विलय गराएर अस्तित्व न्यूनीकरण गर्ने एकताको नीतितर्फ उन्मुख गरायो । धेरै धर्म, जातीय समूहहरू र आदिबासी जनजातिहरू भएको देश नेपालको हकमा पनि त्यस्तै भयो, तर यहाँ नेपाली भाषा र हिन्दु धर्मलाई प्राथमिकता दिइएको थियो ।

'विविधता' को अस्तित्वको पहिचान र त्यसलाई उत्सवको रूपमा लिने कार्यले राष्ट्र निर्माणलाई भिन्नै अवधारणाबाट सहयोग गर्दछ । राष्ट्र निर्माणको यो अवधारणा "बहुलवाद" को धारणामा आधारित छ, जसले राज्यको सन्दर्भमा प्रत्येक समुदायका विशिष्टता र मूल्य मान्यताहरूको पहिचान गर्दछ । यसले आफ्नै धर्म र संस्कृति मान्ने कुरामा, राज्यले तिनीहरूका पहिचानको संरक्षण गरेको चाहना गर्न र देशको समग्र सामाजिक, राजनीतिक र आर्थिक जीवनमा तिनीहरूको समावेशीकरणका लागि नागरिकको व्यक्तिगत र सामूहिक अधिकारको पहिचान गर्दछ । बहुलवाद मूल्य-मान्यतामा आधारित पद्धति हो, जसले सक्रिय पार्ने वातावरणको सिर्जना गर्दछ, जसबाट फरक-फरक धर्म, संस्कृति र परम्पराहरू एउटा देशमा सहअस्तित्वमा रहन्छन् । यसले विविधतालाई सम्पन्न बनाउने अवसर प्रदान गर्दछ ।

तर बहुलता मुस्किलले मात्र आफैँ विकसित हुन्छ। यो भिन्नाभिन्नै समुदायहरूको स्वायत्तताका साथै तिनीहरू कार्यरत हुने र राज्यसँग सम्बन्ध राख्नका लागि सहयोगका सर्तहरू दुवैका सम्बन्धमा ठोस नीतिहरू र अभ्यासमार्फत् विकसित हुन्छ । यसले धेरै जातीय र धार्मिक समूहहरू र समुदायहरूबीच सहअस्तित्वको सम्बन्ध स्थापित गर्दछ । यो प्रक्रियामार्फत् अन्य समूहहरूसँगको अन्तरक्रियाद्वारा समूहहरू न त एक्लिएर बस्छन् न तिनीहरूको पहिचान नै गुम्दछ। बहुलवादले बहुपहिचानलाई मान्यता दिन्छ। यो प्रक्रियाले विभिन्न समूहहरूभित्र र अन्य समूहहरूसँग छलफलहरू र सहमति निर्माण कार्यलाई प्रवर्द्धन गर्दछ।

तर यो कुरामा पनि ध्यान दिइनु पर्दछ कि जातीय र धार्मिक समुदायहरूबीच पनि परम्परागत अभ्यासहरू हुनसक्छन्, जसले महिला तथा तल्लो जाति समूहविरूद्ध भेदभाव गर्दछन्। त्यस्ता समूहहरूको आफ्नै सांस्कृतिक अभ्यासको अधिकारको रक्षाले वास्तवमा आफ्नै समुदायका सदस्यहरूमा भेदभाव गर्न सक्छ। यी समूहहरूका प्रचलनहरूमा सुधारका लागि आग्रह गर्नुलाई हस्तक्षेपको रूपमा हेरिनसक्छ । ठूला जातीय र धार्मिक समूहहरूको स्वायत्तताको सामूहिक अधिकारले व्यक्तिगत मानव अधिकारहरूलाई खण्डित गर्नु हुँदैन, विशेष गरी समूहभित्रका महिला र सीमान्तीकृत वर्गका जनता (जस्तो कि जात) को हकमा।

उल्लेखनीय अर्को वास्तविकता के रहेको छ भने धेरैजसो देशहरूमा समुदायहरू छन् जो जो अल्पसङ्ख्यकको धर्म मान्दछन्, बेग्लै भाषा बोल्दछन् वा परम्पराहरू ग्रहण गर्दछन् र त्यसै कारणले सीमान्तीकृत छन्। सरकार वा अर्थव्यवस्थामा तिनीहरूलाई कमै प्रतिनिधित्व गराएइको हुन्छ र यसले बहिष्करणको चक्रलाई निरन्तरता दिनसक्छ। विविधताको पहिचान र सामाजिक समावेशीकरणको सुनिश्चितताको छलफलहरूको मुटु समानताको अवधारणा रहेको छ। यसले प्रत्येक जाति, जातीयता, भाषा, धर्म र समुदायका सदस्यहरू देशका लागि समान रूपमा महत्वपूर्ण रहेका छन् भन्ने कुरालाई पहिचान गर्दछ । समानताको अवधारणा संविधानबाट संरक्षित हुन्छ र यसको खास महत्व रहेको छ । संविधान देशको मूल कानुन हो । देशको सरकारको स्वरूप, संरचना र सञ्चालन यही मूल कानुनद्वारा निर्धारित भएको हुन्छ।

बहुलवाद र समावेशीकरणलाई बढावा दिन संविधानमा केही मान्यताहहरूको व्यवस्था गर्न सकिन्छ । उदाहरणका लागि बहुधार्मिक देशमा राज्य धर्मनिरपेक्ष हुनेछ भन्ने निर्णय गर्न/वा धार्मिक स्वतन्त्रताको प्रत्याभूति गर्न सकिन्छ । एउटा खास धर्मलाई राज्यको धर्मको रूपमा लिने राज्य वा राजनीतिक प्रणाली बहुलवादी हुनसक्दैन, बरू यसले भेदभावपूर्ण बन्दै जोखिम निम्त्याउँछ । जात, जातीयता, धर्म, भाषा वा संस्कृति अनुसार नभई देशका प्रत्येक व्यक्तिका लागि समान (मौलिक) अधिकार सुनिश्चित हुनुपर्दछ । ऐतिहासिक रूपमा भेदभाव गरिएका मानिसहरूलाई राज्यको मूलधारमा ल्याउन संविधानले विशेष व्यवस्था गर्नसक्छ । सबैका

लागि समान अधिकार, विविधताको पहिचान र राजनीतिक प्रक्रियामा सहभागी हुने जनताको अधिकारले सबै जनताको सशक्तीकरणका लागि अवसर प्रदान गर्दछन् ।

त्यसैगरी, सरकारमा सबै जनताको प्रतिनिधित्व रहेको छ र उनीहरूको विकासमा अधिकार र वास्तविक पहुँच दुवै रहेको छ भन्ने सुनिश्चित गर्न सामाजिक समावेशिताको स्पष्ट परिभाषित नीति आवश्यक पर्दछ । संघीयता (अर्थात् अधिकारको निक्षेपण र स्थानीय स्वायत्तता) सरकार सञ्चालनको रणनीति हो जसलाई जनताको सहभागिताको आधार प्रदान र तिनीहरूका अधिकारको दावी गर्दै यीमध्येका केही मुद्दाहरू सम्बोधन गर्नका लागि सरकार सञ्चालनमा प्रयोग भएको छ ।

संघीय प्रणालीमा सरकार जनताको नजिक ल्याइएको हुन्छ । राज्यभित्रका धेरै स्थानीय समुदायहरूले प्रतिनिधित्व र सहभागिताको अवसर पाउँछन् । तिनीहरूले आफ्नो भाषा र संस्कृति लगायत तिनीहरूका स्थानीय चासोहरू संरक्षण गर्न बढी अवसरहरू पाउन सक्छन् । विविधतायुक्त धर्म, संस्कृति र भाषिक पहिचान सुनिश्चित गर्दै व्यापक संघीय पद्धतिको सीमाभित्र रहँदा बहुधार्मिक, बहुसाँस्कृतिक समाज सुनिश्चित गर्न सकिन्छ । भारत, स्विटजरल्यान्ड, बेल्जियम र जर्मनी बहुजातीय देशहरू हुन्, जसले संघीयतालाई खास रूपमा विविधताको संरक्षण र बहुलताको सुनिश्चित गर्दै अवलम्बन गरेका छन् । तर पूर्व युगोस्लाभिया र पूर्व सोभियत संघका उदाहरणहरूले जटिल समाजमा जटिल संघीय प्रणालीले विविधतालाई सँधैभरि सफलतापूर्वक मिलाएर राख्न सक्दैन भन्ने देखाउँछ ।

नेपाल पनि भाषिक विविधतामा धनी छ । ९० वटा भन्दा भाषाहरू राज्यबाट पहिचान पाएका छन् । तर परम्परागत रूपमा एउटा मात्र भाषा नेपाली रहेको छ जुन करिब आधा मात्र जनसंख्याको मातृभाषा हो यो नै सरकारी कामकाजको र आधिकारिक भाषा भएको छ । परिणामस्वरूप भाषिक अल्पसङ्ख्यकहरू सीमान्तीकृत र बहिष्करणमा परेका छन् । भाषिक विविधतालाई संविधानले सम्बोधन गर्ने विभिन्न उपायहरू रहेका छन् । सामान्यतः संविधानले एउटा भाषालाई सरकारी, राष्ट्रिय वा राज्यको भाषा निर्धारण गर्दछ । भाषाको प्रयोगको विस्तृत विवरणका सम्बन्धमा विशेष कानुन लागू गरिन्छ । केही देशहरूले धेरै भाषालाई सरकारी भाषाको रूपमा मान्यता दिन्छन् र तिनका राज्यका निकायहरूलाई ती भाषाको प्रयोग गर्न र तिनीहरूमा सञ्चालित हुन बाध्य (लिपि लगायतमा) बनाउँछन् । अधिकांश राज्यहरूमा यी भाषाहरू ठूला समुदायहरूद्वारा प्रयोग हुन्छन् । तर कहिलेकाहीँ ज्यादै सानो संख्यामा बोलिने भाषाहरू पनि सरकारी कामकाजको भाषामा समावेश भएका हुन्छन् । संघीय मुलुकहरूमा सामान्यतः राष्ट्रिय भाषाका अतिरिक्त क्षेत्रीय भाषालाई संघीय एकाइको सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्ने प्रावधान हुनसक्छ ।

एउटा भाषालाई सरकारी, राज्य वा राष्ट्रिय भाषाको रुपमा तोकिनु मात्र त्यो भाषाको नियमन र स्तरका लागि पर्याप्त हुँदैन। सामान्यतः त्यो सहायक कानुन निर्माण गरेर गरिन्छ। तर संविधानमा अरू भागहरू पनि हुन्छन्, जुन यहाँ सान्दर्भिक हुनसक्छन् । जस्तो कि नेपालको अन्तरिम संविधानमा सबै नागरिकहरूलाई तिनीहरूको मातृभाषामा आधारभूत शिक्षा लिन पाउने अधिकार र सबै जनताले स्थानीय सरकारको तहमा तिनीहरूको मातृभाषाको प्रयोग गर्न सक्ने प्रावधान। धेरै देशहरूले अदालतमा आफ्नो भाषा प्रयोग गर्न पाउने अधिकार पनि समावेश गर्दछन् ।

## नेपालमा विविधता र सामाजिक समावेशीकरणका चुनौतीहरू

नेपाल ज्यादै विविधतायुक्त छ । देशमा धेरै जात, जाति, भाषिक र धार्मिक समुदायका र आदिबासी जनजातिका जनता रहेका छन् । तर नेपालका सबै समुदायहरू समृद्ध भएका छैनन् किनकि तिनीहरूले परम्परागत रूपमा बहिष्करणको अनुभव गरेका छन् ।

नेपाल राज्यको रूपमा स्थापना भएको समयदेखि हिन्दु धर्मलाई देशमा शासन सञ्चालन प्रणालीको महत्वपूर्ण पक्षको रूपमा लिइएको थियो । लिच्छबी काल, (सन् ३०० - ७००), मल्ल काल (सन् ११०० - १७६८) देखि शाह काल (सन् १५५९ - २००७) सम्मका शासकहरूले हिन्दु धर्मलाई विशेष महत्व दिए । हिन्दु धार्मिक सिद्धान्त र अभ्यासहरूले राजनीतिक निर्णय प्रक्रिया र राज्य सञ्चालनका मालिाहरूलाई सँधै प्रभावित गरे ।

नेपालमा यस प्रकारको पहिलो व्यवस्था १८५४ को मुलुकी ऐन रहेको थियो। यो नेपालमा प्रचलनमा रहेको पुरातन जातिप्रथाका आधारमा तर्जुमा गरिएको थियो । मुलुकी ऐनले यी प्रचलनहरूलाई कानुनी रूपमा बाध्यकारी बनायो । १९५० ताका यसलाई आधुनिकीकरण गरिएपछि र विसं २०१९ को संविधान, जसले भेदभाव नगर्ने र समानताको अधिकारको जग बसालेको थियो, त्यो लागू भएपछि पनि नेपालको बहुधार्मिक र बहु साँस्कृतिक समाजमा यो ऐनको विभेदकारी प्रभाव रहिरह्यो। तर त्यही संविधानले नेपाललाई हिन्दु अधिराज्य भनी घोषणा गऱ्यो।

तर विसं २०४७ को संविधान, जुन विसं २०६३ सम्म कार्यान्वयनमा थियो, विभेदकारी प्रचलनहरूको अन्त्य गर्न असफल भयो जुन हिन्दु मूल्य र मान्यतामा आधारित थिए । यो संविधानले नेपाललाई बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न भनी परिभाषित गरे पनि सो दस्ताबेजले नेपाललाई हिन्दु संवैधानिक राजतन्त्रात्मक अधिराज्यको रूपमा घोषणा गऱ्यो । फलतः प्रजातन्त्रीकरण प्रक्रियाको अवधिमा जातीय समूहहरू र धार्मिक समुदायहरूका अधिकारहरू प्रभावकारी रूपमा संरक्षित भएनन् । राज्यले सरकारी कामकाजको नेपाली भाषा र पहिचान भन्दा भिन्न रूपमा भाषा र संस्कृतिका आधारमा भेदभावको कार्यलाई निरन्तरता दियो । अन्य भाषाहरू राष्ट्रिय तहमा मान्यता र संरक्षण पाउन असमर्थ रहे ।

१० वर्षभन्दा बढीको सशस्त्र द्वन्द्वपछि शान्ति प्रक्रियाको सुरूताका मस्यौदा गरिएको नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा घोषणा गऱ्यो । यो दस्ताबेज नेपाली जनताका लागि विविधता र सामाजिक समावेशीकरणको उल्लेख गर्न विगतका संविधानहरूभन्दा उल्लेख्य रूपमा अग्रगामी रह्यो । मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न मानव अधिकार आयोगको व्यवस्थाका साथै मौलिक हकको भागमा स्वतन्त्रता र समानताका विशेष हक, छुवाछुत विरूद्धको हक, शिक्षा र संस्कृतिको हक, महिलाको हक र सामाजिक न्यायको हक प्रत्याभूत भएका छन् ।

अन्तरिम संविधानले "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुने र नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ" भन्ने उल्लेख गरेको छ । संरक्षणका यी प्रावधान रहेको भए पनि नेपाली जनताका लागि विविधता र सामाजिक समावेशीकरण बढी यथार्थ बन्नु पर्दछ भने नयाँ संविधानमा अझ बढी स्पष्ट र कार्यन्वयनका संयन्त्रहरूको प्रावधानहरू राखिनुपर्दछ । यसले सामाजिक समावेशीकरण आफैं ल्याउन सक्दैन महत्वपूर्ण रूपमा सहायक कानुन निर्माण र प्रभावकारी शासन सञ्चालन यसका पूर्व सर्तहरू हुन् ।

## विविधता र सामाजिक समावेशिता कसरी सुनिश्चित गर्न सकिन्छ ?

राम्रो तुलनात्मक संवैधानिक र शासन पद्धतिको अभ्यासलाई चित्रित गर्दा नेपालमा विविधताको संरक्षण र सामाजिक समावेशिता सुनिश्चित गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्न संविधान सभामा निम्न कुराहरूमा छलफल हुन सक्छन् ।

» प्रभावकारी कार्यान्वयन संयन्त्र र प्रक्रियाहरूको व्यवस्था गर्दै देशका सबै जनताका लागि आधारभूत मानव अधिकार, स्वतन्त्रता र सुरक्षाको प्रत्याभूति गर्न उपायहरू पत्ता लगाउने ।

» नेपालको जातीय, भौगोलिक, सामाजिक, साँस्कृतिक संरचना, स्रोतहरूको बाँडफाँड र देशका अन्य धरातलीय यथार्थहरूलाई ध्यान दिँदै सबै नेपाली जनताका लागि उपयुक्त संघीय स्वरूपको निर्धारण ।

» जातीय, भाषिक र धार्मिक समूहहरूका चासोहरूका साथै केन्द्रीय नीति निमार्णमा प्रान्तीय विचारहरूको प्रतिनिधित्व गर्ने गरी माथिल्लो सदनको व्यवस्था ।

» संघीय संरचनाअन्तर्गत स्थानीय संघीय एकाइहरूलाई पर्याप्त स्वायत्तता र अधिकार प्रदान ।

» आदिबासी जनजाति समूहहरू, मधेशी दलित र महिलाका अधिकारहरूको प्राथमिकताका साथ प्रत्याभूति ।

» प्रान्तीय एकाइहरूहरूमा बसोबास गराउँदा अल्पसङ्ख्यक वा साना आदिबासी जनजाति ("अल्पसङ्ख्यक भित्रका अल्पसङ्ख्यकहरू") को अधिकारको रक्षा ।

» प्रभावकारी र सहभागितामूलक स्थानीय स्वायत्त शासन प्रणालीको व्यवस्था ।

## संवैधानिक विकल्प

संविधान निर्माण प्रक्रियामा विविधता र सामाजिक समावेशितासम्बन्धी मुद्दाहरू सम्बोधन गर्नका लागि विशेष रूपमा कतिपय विकल्पहरूबारे सोच्न सकिन्छ। यी विकल्पहरू न त्यति विस्तृत छन् न पारस्परिक रूपमा उत्तिकै अनन्य विकल्प नै हुन्। सामाजिक समावेशितालाई सहयोग गर्नेगरी लक्ष्यित संवैधानिक संरचनालाई यिनीहरूले अवसर तथा चुनौती दुवै प्रदान गर्दछन् ।

| विकल्प | सवल पक्ष | चुनौती/जोखिम |
|---|---|---|
| धर्म निरपेक्ष राज्य स्थापना गरी (अन्तरिम संविधानमा उल्लेख भएअनुरूप) धार्मिक स्वतन्त्रताको प्रत्याभूत गर्ने । | » सबै जनताका लागि धार्मिक स्वतन्त्रता र आस्थासम्बन्धी समान अधिकार ।<br>» सबै धर्मावलम्बीलाई समान मान्यता प्राप्तभएको अनुभूति<br>» धार्मिक संघसंस्थाहरू राज्यको हस्तक्षेपबाट मुक्त ।<br>» यस्तो परिस्थितिको सिर्जना, जहाँ राज्य र यसका नीतिहरू धार्मिक गुरू तथा प्रभुत्वबाट स्वतन्त्र रहनेछन् ।<br>» धार्मिक प्रथामा कुनै बन्देज नहुने । | » नेपाल एक धार्मिक समाज भएकोले यहाँका मानिसहरूलाई आफ्ना सार्वजनिक तथा व्यवसायिक जीवनबाट धर्मलाई अलग्याउन कठिन हुने ।<br>» राज्यको निम्ति केही धर्मले स्वीकृति प्रदान गरेको चलनबाट महिला, जोखिममा परेका सामाजिक समूहहरू तथा बालबालिकाहरूप्रति हुने हानीकारक तथा भेद्भावपूर्ण व्यवहारलाई नियन्त्रण गर्न कठिन हुने । |
| मौलिक अधिकारसम्बन्धी विस्तृत अधिकारपत्र उपलब्ध गराई कार्यान्वयन गर्न उचित संयन्त्र सिर्जना गर्ने | » सबै जातजाति, आदिवासी, धार्मिक, सांस्कृतिक तथा भाषिक समूह तथा समुदायहरूका लागि आधारभूत मौलिक अधिकार प्रत्याभूति ।<br>» अल्पसङ्ख्यकहरूबाट माग भएअनुसारका व्यक्तिगत तथा सामूहिक अधिकारको संरक्षण ।<br>» सीमान्तीकृत समूहहरूलाई समता प्रदान गर्न सकरात्मक विभेदका कदम चाल्ने । | » नयाँ संरचनालाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न न्यायपालिका, प्रहरी, प्रशासन, शिक्षा प्रणाली जस्ता राज्यका संस्थाहरूको आवश्यकता पर्ने । |

| विकल्प | सवल पक्ष | चुनौती/जोखिम |
| --- | --- | --- |
| सान्दर्भिक सङ्घीयता | » पहिचानमा आधारित समूहरूलाई उनीहरूका पहिचानलगायत उनीहरूका भाषा तथा सांस्कृतिक रीतिरिवाजलाई प्रवर्द्धन गर्दै अवसरहरू उपलब्ध गराउनु ।<br>» स्थानीय समुदाय र अल्पसङ्ख्यकहरूले स्थानीय तहका राजनीति र आर्थिक क्रियाकलापमा प्रतिनिधित्व तथा सहभागिताको ठूला अवसर प्राप्त गर्ने ।<br>» सीमान्तीकरण र वहिष्करणमा कमी ल्याउने ।<br>» स्थानीय प्राकृतिक स्रोतहरूमाथि स्थानीयबासीको नियन्त्रणको अधिकार ।<br>» आर्थिक विकासका लागि अवसरमा बृद्धि ।<br>» आन्तरिक आत्मनिर्णय र स्वायत्ततासम्बन्धी अधिकारको अभ्यास । | » समाजिक संरचना जटिल भएका कारण सीमाना छुट्याउने कार्य कठिन हुने ।<br>» जातीय तथा सामुदायिक द्वन्द्वको संभावना ।<br>» समन्वय र सहकार्यका लागि बढ्दो चापलाई राम्ररी व्यवस्थापन गर्नुपर्ने ।<br>» संघीय एकाइहरूबीच स्रोतसाधनको वितरण गर्नका लागि उचित संरचनाको आवश्यकता ।<br>» राज्य र समुदायहरूबीच तनाव वृद्धि हुनसक्ने ।<br>» बढी स्वायत्तताका लागि बढ्दो अपेक्षा र मागबाट छुट्टै राज्यको निम्ति अलग्गिने माग आउनसक्ने । |
| शक्ति निक्षेपणका लागि स्थानीय स्वायत्तता तथा अन्य संयन्त्रहरू | » स्थानीय जनजाति समूहहरू तथा उनीहरूका भाषा, धर्म र संस्कृतिलाई पहिचान तथा सम्मान ।<br>» स्थानीय वासिन्दाहरूले स्थानीय प्राकृतिक स्रोतहरूमाथिको नियन्त्रणमा अधिकार प्राप्त गर्ने, र स्थानीय तहमा प्रभावकारी ढंगबाट गर्न सकिने कार्यहरू गर्ने ।<br>» अधिक प्रगतिशील शक्ति बाँडफाँडका निम्ति आवश्यक संरचना सिर्जना गरिने सम्भावना ।<br>» सन्तुष्ट राज्यहरूको स्थापना, स्थानीय समुदायहरूमाझ बढी सन्तुष्टि ।<br>» स्थानीय तहमा अपनत्वको भावनाको बढ्दो विकास । | » सबै समुदायहरूमा यस्ता व्यवस्थापन र शासनसम्बन्धी कार्यक्षमता नहुने, जरूरी स्थानीय आवश्यकताहरू परिपुर्ति गर्ने चापका कारण राष्ट्र निर्माणका दीर्घकालीन योजनाहरू ओभेलमा पर्नसक्ने । |

# निष्कर्ष

संविधानमा निष्पक्षता, सुशासन, बिकेन्द्रीकरणसम्बन्धी सिद्धान्त र पहलबारे संयन्त्रहरू समावेश गरिनुपर्दछ भने व्यक्तिगत तथा सामुहिक अधिकारलाई संरक्षण प्रदान गर्ने एउटा बलियो र निष्पक्ष न्यायपालिकाको व्यवस्था पनि हुनुपर्दछ । तर यी प्रावधानहरू मात्र यथेष्ठ हुने छैनन् भन्ने कुरा हेक्का राख्नु महत्वपूर्ण हुनेछ । दीर्घकालमा गएर सबैका निम्ति समानता सुनिश्चत गर्न लागि सरकारी नीति तथा अभ्यासका प्रयासहरू पनि उत्तिकै महत्वपूर्ण हुनेछन् । त्यसभन्दा पनि महत्वपूर्ण कुरो के हो भने सबै नेपालीले एकअर्काका पहिचान र आवश्यकताप्रति समझदारी देखाई सहकार्य गनुपर्ने हुन्छ । उनीहरूले आफ्ना अधिकार माग गर्नेबाहेक अरूका अधिकारप्रति आदर देखाई बहुलवादी समाजमा सामञ्जस्यताका साथ बस्न सिक्ने जिम्मेवारी वहन गर्नुपर्दछ । आखिर बहुलवाद भनेको मनःस्थिति पनि हो ।

# पुस्तिका-शृङ्खलाबारे

संविधानसभाका सदस्यहरू तथा इच्छुक सर्वसाधारणलाई संविधान निर्माण प्रक्रियासम्बन्धी आधारभूत जानकारी उपलब्ध गराउनु नै यस पुस्तिका-शृङ्खलाको उद्देश्य हो । यी प्रकाशनहरू संवैधानिक परिणामबारे कुनै पनि किसिमबाट पूर्वानुमान गर्ने अवधारणापत्र वा प्रस्ताव वा मनसाय होइनन् । यो शृङ्खला संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को 'नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग' (एसपीसीबीएन) परियोजनाको समन्वयमा नेपाली तथा अन्तर्राष्ट्रिय संविधानविद्हरूको सामूहिक प्रयासको प्रतिफल हो ।

यी पुस्तिकाहरूलाई अझै परिस्कृत बनाउन प्रतिक्रिया तथा टिप्पणीका लागि विशेष अनुरोध छ । बढीभन्दा बढी सुसूचित, प्रतिबद्ध र रचनात्मक छलफललाई प्रोत्साहित गर्न यी प्रकाशनहरू सफल भएमा नै अपेक्षित उद्देश्य हासिल हुनेछ । प्राप्त टिप्पणीहरूका आधारमा यी पुस्तिकाहरूका नयाँ तथा अतिरिक्त संस्करणहरू तयार गर्न सकिनेछ ।

यो शृङ्खलालाई नेपालका केही प्रमुख राष्ट्रभाषाहरूमा अनुवाद गर्ने क्रममा उच्च गुणस्तर कायम राख्ने तथा सम्बन्धित भाषाका बहुसङ्ख्यकले बुझ्ने सही शब्दावली प्रयोग गर्ने हरसम्भव प्रयास गरिएको छ । शब्दावलीको उपयुक्त तथा सही प्रयोगबारे विभिन्न भाषिक समुदायहरूबीच भविष्यमा छलफल तथा बहसहरू हुने अपेक्षा गर्न सकिन्छ । संवैधानिक संवाद केन्द्रको उद्देश्य त्यस्ता बहसहरूलाई कुनै पनि प्रकारले छायाँमा पार्नु नभई ती भाषाहरूलाई पनि समावेश गरेर यस प्रयासमा समावेशिता र पहुँचको अधिकतम वृद्धि गर्नु हो ।

देशमा संविधान निर्माणसँग सान्दर्भिक विषयवस्तुबारे संवैधानिक संवाद केन्द्रले तयार गर्न लागेको शृङ्खलाबद्ध पाठ्यसामाग्रीहरूको एउटा अंश यो पुस्तिका हो ।

सभासद्‌हरूका साथै यस विषयवस्तुमा चासो राख्ने सर्वसाधारणलाई प्रमुख संवैधानिक अवधारणा तथा मुद्दाहरूमा सरिक गराउनु यस शृङ्खलाबद्ध प्रकाशनको उद्देश्य हो । शृङ्खला अन्तर्गतका प्रत्येक पुस्तिका नेपालमा बोलिने प्रमुख भाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारु, मगर, तामाङ्ग, नेवार) र अङ्ग्रेजी भाषामा उपलब्ध छ। यी पाठ्यसामग्रीहरूका श्रव्य संस्करण (क्यासेट, डीभीडी) पनि उपलब्ध हुनुका साथै यिनीहरूलाई अनलाइनमा पनि राखिएको छ ।

पहिलो चरणमा यस प्रकाशन शृङ्खलामा समेटिने विषयवस्तुहरू यसप्रकार छन् : राज्य र धर्म, सङ्घीय प्रणाली, संविधानमा मानव अधिकार, आदिवासी जनजातिका अधिकार, अल्पसङ्ख्यकहरूका अधिकार, सरकारका प्रणालीहरू, स्वतन्त्र न्यायपालिका, स्थानीय स्वशासन, विविधता र सामाजिक समावेशीकरण र सहभागितामूलक संविधान निर्माण प्रक्रिया ।

**संवैधानिक संवाद केन्द्र**
तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौँ
टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८
ई-मेल : info@ccd.org.np
वेबसाइट : www.ccd.org.np

